# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०७।१५ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला स्वास्थ्य कार्यालय, धनकुटाका कार्यालय प्रमुख र फोकल पर्सन समेतले आर्थिक वर्ष २०६९/०७० मा उक्त कार्यालयबाट सञ्चालित दादुरा रूवेला, सुरक्षित मातृत्व, हात्तीपाइले रोग उन्मुलन नियन्त्रण, परिवार नियोजन, औषधि खरीद, सूचना तथा सञ्चार केन्द्र स्थापना कार्यक्रमको साथै औषधि खरिदमा काम नै नगरी बिल भरपाई बनाई भ्रष्टाचार गरेको हुँदा छानबिन गरी कारवाही गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला स्वास्थ्य कार्यालय धनकुटाका तत्कालीन प्रमुख भानुभक्त येङ्देन र लेखा अधिकृत दहलमान राईले सोही कार्यालयका स्टोर किपर हरीकुमार पोखरेल र खोप सुपरभाइजर अधिकृत प्रकाश अधिकारीसँगको मिलेमतोमा आ.व.२०६९।०७० मा जिल्ला स्वास्थ्य कार्यालय धनकुटाको लागि निकासा भएको दादुरा रुवेला खोप कार्यक्रम अन्तर्गत निकासा भएको बजेटमा भ्याक्सिन ढुवानी, कार्यक्रम सञ्चालन, औषधी ढुवानी, सवारी साधनको इन्धन खर्च र कार्यालय सञ्चालन तथा व्यवस्थापनका सामान खरिद गरेको भनी जम्मा रु.३,८१,०८१।७५ (तीन लाख एकासी हजार एकासी रुपैंया पचहत्तर पैसा) को नक्कली बिल भरपाई तयार गरी आफूलाई गैरकानुनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई जनस्वास्थ्य जस्तो संवेदनसिल विषयमा हानीनोक्सानी पुऱ्याउने बदनीयतले रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेको पुष्टी हुन आएको हुँदा उक्त कार्यमा संलग्न जिल्ला स्वास्थ्य कार्यालय, धनकुटाका देहाय बमोजिमका ४ जना कर्मचारीहरु उपर देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.न | नामथर | पद | कार्यालय | बिगो | मागदावी |
|---|---|---|---|---|---|
| १ | भानुभक्त येङ्देन | तत्कालीन प्रमुख | जिल्ला स्वास्थ्य कार्यालय, धनकुटा | रु.३,८१,०८१।७५ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा(१) को देहाय (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी |
| २ | दहलमान राई | लेखा अधिकृत | " | रु.३,८१,०८१।७५ | " |
| ३ | हरीकुमार पोखरेल | नायव सुब्बा | " | रु.२,४७,०९१।७५ | " |
| ४ | प्रकाश अधिकारी | तत्कालीन खोप सुपरभाईजर | " | रु.१,३३,९९०।- | " |

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता